"हाम्रो परिकल्पना समृद्ध दिप्रुङ चुइचुम्मा"

दिप्रुङ चुइचुम्मा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
याङसीलाटार, खोटाङ

प्रदेश नं.१ नेपाल

प.सं.- ०७९/०८०

मितिः २०७९/१०/०६

चलानी नं.: ६३४

"व्यावसायिक र सिर्जनशील प्रशासन : विकास, समृद्धि र सुशासन"

श्री माध्यमिक विद्यालय (सबै)

दिप्रुङ चुइचुम्मा गाउँपालिका, खोटाङ ।

विषयः राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सम्बन्धमा ।

उपरोक्त विषयमा यस दिप्रुङ चुइचुम्मा गाउँपालिकाले चालु शैक्षिक सत्र २०७९ को अन्तर मा.वि राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता संचालन निर्देशिका २०७०, दोस्रो संसोधन २०७४/१०/१२ बमोजिम दिप्रुङ चुइचुम्मा गाउँपालिका वडा नं २ डाँडागाउँ खेल मैदानमा यहि मिति २०७९/१०/२०,२१ र २२ गते संचालन गर्ने भन्ने निर्णय भएकोले सम्बन्धित विद्यालयले तपसिलको नियममा आधारित भई तपसिलका खेलहरुका लागि आ-आफ्नो विद्यालयबाट खेलाडीहरु सहभागी गराउनुहुन जानकारी गराइन्छ ।

तपसिलः

राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता २०७९ मा खेलाइने खेलहरु

१) छात्र / छात्रा भलिवल प्रतियोगिता

२) छात्र / छात्रा २०० मिटर र ४०० मिटर दौड प्रतियोगिता

३) छात्र / छात्रा १०० X ४ रिले दौड प्रतियोगिता

४) छात्र / छात्रा हाइजम्प प्रतियोगिता

५) छात्र / छात्रा लङजम्प प्रतियोगिता

६) छात्र / छात्रा सटफुट प्रतियोगिता

७) छात्र / छात्रा कवड्डी प्रतियोगिता

खेलसँग सम्बन्धित नियमहरु

१) चालु शैक्षिक सत्र २०७९ चैत्र मसान्त सम्ममा १८ वर्षभन्दा मुनिका कक्षा १२ सम्म नियमित रुपमा अध्ययनरत छात्र तथा छात्राहरूले मात्र खेलमा सहभागी हुन पाउने छन ।

२) प्रत्येक विद्यालयले भलिबल र कबर्डी खेल तर्फ बढीमा ९/९ जना सम्म खेलाडी छात्र / छात्राहरु समावेश गर्न सक्नेछन् ।

(३) यथ्लेटिक्स प्रतियोगितामा प्रत्येक विद्यालयले प्रत्येक इभेन्ट्समा बढीमा दुई खेलाडीहरुलाई सहभागी गराउन सक्नेछन । रिले खेलको हकमा एउटा विद्यालयले महिला तथा पुरुष रिलेको प्रत्येक इभेन्ट्समा १/१ समूह मात्र सहभागी गराउन सक्नेछन ।

४) अन्तराष्ट्रिय स्तरको प्रतियोगितामा सहभागी भइसकेको खेलाडीलाई यस प्रतियोगितामा सहभागी गराइने छैन ।

५) गैर विद्यार्थी तथा शैक्षिक सत्र २०७९ चैत्र मसान्त सम्ममा १८ वर्ष पुगेका उमेर समुहका विद्यार्थीहरुले यो प्रतियोगितामा भाग लिन पाउने छैनन् । यदी बद्रियतपूर्वक भाग लिई प्रतियोगितामा पदक प्राप्त गरेको खण्डमा त्यस्तो पदक खोस्ने र निकटतम प्रतिस्पर्धी खेलाडीलाई प्रदान गरिने तथा मापदण्ड बाहिरका खेलाडी सहभागी गराउने विद्यालय र विद्यालयका प्र.अ.हरुलाई आयोजक समितिले उचित देखेको अनुशासन सम्बन्धि कार्यवाही गर्ने वा कार्यबाहीका लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

६) विद्यालयले सहभागी खेलाडीहरुको अनुसूची १ बमोजिमको सहभागी हुन भर्नुपर्ने फाराम भरी प्रमाणित गरी कक्षा ८ र SEE को प्रमाणपत्रको प्रमाणित प्रतिलिपी र सक्कलै प्रमाण पत्र समेत मिति २०७९/१०/ १६ गतेका दिन अनिवार्यरुपमा गाउँपालिकाको कार्यलयमा पेश गर्नुपर्नेछ । कक्षा ८ भन्दा मुनिका कक्षाहरुमा अध्ययनरत छात्र/ छात्राहरुको हकमा जन्म दर्ताको प्रमाणपत्र पेश गर्नुपर्ने छ ।

(७) विद्यालयले खेलाडीहरुलाई खेल पोशाकको व्यवस्था गरी खेलमा मार्चपासका साथ सहभागी गराउनु पर्नेछ ।

८) विद्यार्थीको खाना बस्नको व्यवस्था स्वयम विद्यालयले नै गर्नुपर्ने छ ।

९) विद्यालयले तोकेको आधिकारिक खेल शिक्षक र प्र.अ बाहेक अन्य व्यक्तिले खेलको विषयमा कुनै गुनासो राख्न पाउनेछैन । गुनासो राख्न परेमा खेल शिक्षकले रु. ५००/- (पाँच सय) को साथमा लिखित गुनासो (निवेदन) पेश गर्नुपर्ने छ । गुनासो मनासिब देखिएमा उक्त रकम फिर्ता गरिनेछ ।

१०) खेलमा कुनै किसिमको गुनासो भएमा अम्पायर तथा खेलकुद समितिको निर्णय नै अन्तिम हुनेछ ।

११) एउटै विद्यालय लगातार तीन वर्षसम्म प्रथम भएमा शिल्ड पच हुनेछ ।

१२) प्रथम हुने विद्यालयले हरेक शैक्षिक सत्रको खेल संचालन हुने दिन भन्दा दश दिन अगावै प्रथम शिल्ड गाउँपालिकामा बुझाउनुपर्ने छ ।

१३) भलिवल  र कवर्डी खेल प्रचलित अन्तराष्ट्रिय नियम अनुसार हुनेछ ।

१४) प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने विद्यालयलाई शिल्ड, प्रमाणपत्र र करसहित क्रमशः रु.१५०००/- ( पन्ध्र हजार), रु १२०००/- (बाह्र हजार) र रु.९०००/- (नौ हजार) का दरले नगद पुरस्कार प्रदान गरिनेछ । साथै माथिका हरेक खेलमा प्रथम, द्वितीय र तृतीय हुने छात्र / छात्राहरुलाई मेडल र प्रमाणपत्र  समेत प्रदान गरिनेछ ।

मणिकुमार गिरी
**शिक्षा संयोजक**
दिप्रुङ चुइचुम्मा गाउँपालिका